# समाहित शिक्षाका लागि भौतिक व्यवस्थापन, कार्यान्वयन र चुनौती सम्बन्धी एक अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम तथा मूल्याङ्कन विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्ष (कोर्ष नं. ५९८) को आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

**शोधपत्र**


शोधार्थी

वेदप्रसाद खतिवडा

क्याम्पस क्रमाङ्क १२२/२०६५

त्रि.वि. दर्ता नं. २७४०५-९०

परीक्षा क्रमाङ्क १३०१६९/२०६७



त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय,

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग,

सूर्यनारायण, सत्यनारायण मोरवैता बहुमुखी क्याम्पस सिरहा

२०७२

# कृतज्ञताज्ञापन

प्रस्तुत **समाहित शिक्षाका लागि भौतिक व्यवस्थापन, कार्यान्वयन र चुनौती सम्बन्धी एक अध्ययन** शीर्षकको शोधपत्रले समाहित शिक्षाका लागि हाल विद्यालयमा भएको भौतिक व्यवस्थापनको पक्षको अध्ययन, समाहित शिक्षाको कार्यान्वयनको अवस्था र समस्याहरू पत्ता लगाई त्यसको निराकरण गर्न खोजिएको छ ।

सर्वप्रथम यस अध्ययनको प्रस्तावना कार्यदेखि अन्त्यसम्म आफ्नो अमूल्य समय दिई आवश्यक निर्देशन, सल्लाह, सुझाव प्रदान गर्नुहुने सूर्यनारायण सत्यनारायण मोरवैता बहुमुखी क्याम्पसका पाठ्यक्रम तथा मूल्याङ्कन विभागका शोध निर्देशक श्री किशोरकुमार साहप्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु । अनुसन्धानका क्रममा विशेष सल्लाह र सुझाव प्रदान गर्नुहुने पाठ्यक्रम तथा मूल्याङ्कन विभागका प्रमुख कृष्णकुमार यादवप्रति हार्दिक कृतज्ञता ज्ञापन  गर्दछु । शोधपत्र तयार गर्ने क्रममा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने श्री जितेन्द्र यादव तथा मेरा सहपाठी मित्रहरू, प्राध्यापकहरू र सूर्यनारायण सत्यनारायण मोरवैता बहुमुखी क्याम्पसका कर्मचारीहरू प्रति आभार व्यक्त गर्दछु ।

शोधकार्य सम्पन्न  गर्नका लागि आवश्यक सूचना तथा तथ्याङ्कहरू उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने बलाहा स्रोतकेन्द्रका स्रोतव्यक्ति श्री यज्ञप्रसाद ढकाल र नमुना विद्यालयका प्र.अ.हरू, शिक्षकहरू, विद्यार्थीहरू, अभिभावकहरू र व्यवस्थापन समितिका पदाधिकारीहरूमा धन्यवाद ज्ञापन गर्न चाहन्छु । शोधपत्र तयारीका लागि सहयोग लिइएका पुस्तकका लेखक, प्रकाशकका साथै शोध निर्देशकज्यूको सिफारिस सहित प्रस्तुत गरिएको शोधपत्र प्रत्येक जिज्ञासु व्यक्ति, सम्बन्धित सरोकारवाला र अन्य शोधकर्ताका लागि अध्ययनमा सहयोग पुऱ्याउने महत्त्वपूर्ण स्रोत बन्न सकोस् भन्ने आशा राख्दछु ।

अन्त्यमा यस शोधपत्रलाई कम्प्युटर गरी सहयोग गर्ने राकेश राईलाई धन्यवाद दिन चाहन्छु ।

वेदप्रसाद खतिवडा
शोधार्थी

## शोधसार

समाहित शिक्षाका लागि भौतिक व्यवस्थापन, कार्यान्वयन र चुनौती शीर्षकको यस शोधपत्रको मुख्य उद्देश्य समाहित शिक्षाका लागि वर्तमान भौतिक व्यवस्थापनको अवस्थाको तुलना, समाहित शिक्षाको सम्बन्धमा सरोकारवालाको प्रतिक्रिया पत्ता लगाउनु, समाहित शिक्षा कार्यक्रम कार्यान्वयनका समस्याहरू पत्ता लगाउनु र समाहित शिक्षा कार्यान्वयनका समस्याहरूको समाधानको उपाय पत्ता लगाउनु रहेको छ ।

यस अध्ययनलाई पूरा गर्ने क्रममा विभिन्न सिद्धान्तहरूको खोजी र पुनरावलोकन गर्ने कार्य गरिएको छ भने विभिन्न पूर्व साहित्यहरूको पनि समीक्षा गरिएको छ । त्यसैगरी अध्ययनका क्रममा पुनरावलोकनको उपादेयता प्रष्ट्याइएको छ भने अवधारणात्मक ढाँचा पनि प्रस्तुत गरिएको छ ।

अध्ययनको उद्देश्य पूरा गर्न सुनसरी जिल्ला बलाहा स्रोतकेन्द्र अन्तर्गत डुम्राहा गाउँ विकास समितिमा रहेका दुईवटा माध्यमिक, एउटा निम्न माध्यमिक र तीन वटा प्राथमिक तहका सामुदायिक विद्यालयहरू छनोट गरिएको छ । सूचना सङ्कलन गर्नका लागि सोही विद्यालयहरूका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई र सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्तिलाई नमुनाका रूपमा छनोट गरिएको छ । परिमाणात्मक तथ्याङ्कहरू विद्यालयको अभिलेखबाट सङ्कलन गरिएको छ भने गुणात्मक तथ्याङ्कहरू अन्तर्वार्ता प्रश्नावली, छलफल र स्थलगत अध्ययन तथा मत सर्वेक्षण फारमको माध्यमबाट सङ्कलन गरिएको छ । माथि उल्लेखित स्रोतहरूबाट प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषण परिमाणात्मक तथा गुणात्मक विधिबाट गरिएको छ ।

अध्ययन अनुसन्धानका क्रममा तथ्याङ्क सङ्कलन गर्न नमुना छनोटमा परेका विद्यालयहरूमा गई मत सर्वेक्षण कार्य सम्बन्धित शिक्षक, अभिभावक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूसँग प्रश्नावली मार्फत् विभिन्न राय र प्रतिक्रिया लिने कार्य गरिएको छ । जसलाई अति सूक्ष्म तवरले विश्लेषण गर्ने कार्य गरिएको छ । यसका लागि समाहित शिक्षा सम्बन्धमा हाल विद्यालयमा रहेका भौतिक सामग्रीको विवरण लिइएको, समाहित शिक्षाका लागि विद्यालयले के कसरी शिक्षण प्रक्रिया र व्यवस्थापन मिलाउँदै आएको छ, यसका समस्याहरू कस्ता छन् र ती समस्या समाधान गर्ने उपायहरू पहिल्याउने र विश्लेषण गर्ने कार्य गरिएको छ । जसमा त्रिभुवन मा.वि., शनिश्चरे

*मा.वि., वि.पि.नि.मा.वि.मा २७ ओटा भौतिक शीर्षकहरूमध्ये १९ ओटा शीर्षकमा पर्याप्त मात्रामा रहेको पाइयो भने शेहरा प्रा.वि.मा १५ वटा शीर्षकमा पर्याप्त मात्रामा पाइएको छ । त्यसैगरी सरस्वती प्रा.वि. र ठूलेमोहोर प्रा.वि.मा क्रमशः १२ र ११ वटा शीर्षकमा मात्र पर्याप्त मात्रामा भौतिक सामग्रीहरू रहेको तथ्याङ्क प्राप्त भएको छ ।*

*निष्कर्षमा भन्नुपर्दा नमुना छनोटमा परेका विद्यालयमा वर्तमान भौतिक व्यवस्थापनमा धेरै सामग्रीहरू रहेको र कतिपय विद्यालयहरू सामग्री जुटाउनेतर्फ उन्मुख भएको पाइयो । विद्यालयले  लक्षित समूहका विद्यार्थीहरू मध्ये दलित, महिला, अपाङ्ग, दण्डपिडित, सडक बालबालिकाहरूलाई समुचित व्यवस्थापन गर्न नसके पनि मौजुदा स्थिति बमोजिम उपयुक्त व्यवहार गरेको पाइएको छ । विद्यालयमा समाहित शिक्षा कार्यान्वयनमा धेरै चुनौती रहेता पनि शिक्षण सिकाइमा शिक्षण विधि अन्तर्गत बालकेन्द्रित विधिको प्रयोग कम रहेको पाइयो । कक्षा छाड्ने विद्यार्थीलाई विद्यालयमा समाहित गर्नका लागि विशेष व्यवस्था गर्नुपर्ने, समाहित शिक्षा सम्बन्धी तालिमको समयावधि बढाउनु पर्ने आदि सुझावहरू रहेका छन् ।*

## विषयसूची

**शीर्षक** **पेज**


सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञताज्ञापन

शोधसार

**परिच्छेद एक**

**परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ७

१.३ अध्ययनको उद्देश्यहरू ८

१.४ अध्ययनको औचित्य ९

१.५ अध्ययनको परिसीमा ९

१.६ अनुसन्धानमा प्रयोग भएका शब्दावलीहरूको परिभाषा १०

**परिच्छेद दुई**

**पूर्व साहित्यको पुनरावलोकन**

२.१ समसामयिक साहित्यको पुनरावलोकन ११

२.२ सैद्धान्तिक साहित्यको पुनरावलोकन २०

२.३ पुनरावलोकनको उपादेयता २२

२.४ अवधारणात्मक ढाँचा २३

**परिच्छेद तीन**

**अध्ययन विधि**

३.१ अनुसन्धान ढाँचा २५

३.२ जनसङ्ख्या २६

३.३ नमुना छनोट प्रक्रिया २६

    ३.३.१ जिल्ला छनोट २७

    ३.३.२ स्रोतकेन्द्र छनोट २७

    ३.३.३ स्रोतव्यक्ति छनोट २७

    ३.३.४ विद्यालय छनोट २७

३.३.५ प्र.अ. छनोट २७
३.३.६ शिक्षक छनोट २७
३.३.७ विद्यार्थी छनोट २८
३.३.८ अभिभावक छनोट २८
३.३.९ विद्यालय व्यवस्थापन समितिका पदाधिकारी छनोट २८
३.४ तथ्याङ्कका स्रोतहरू २८
३.४.१ प्राथमिक स्रोत २८
३.४.२ द्वितीय स्रोत २८
३.५ तथ्याङ्क सङ्कलनका साधनहरूको निर्माण २९
३.५.१ प्रश्नावली २९
३.५.२ समूह छलफल २९
३.५.३ सर्वेक्षण फारम २९
३.६ साधनको वैधता २९
३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया ३०

**परिच्छेद चार**

**तथ्याङ्कको विश्लेषण र व्याख्या**

४.१ विद्यालयको वर्तमान भौतिक व्यवस्थापन ३१
४.२ समाहित शिक्षा कार्यान्वयनका सम्बन्धमा सरोकारवालाको प्रतिक्रिया ३६
४.३ समाहित शिक्षा कार्यान्वयनका समस्याहरू ३७
४.४ समाहित शिक्षा कार्यान्वयनका समस्या समाधानका उपायहरू ३९
४.५ प्राप्तिहरू ४१

**परिच्छेद पाँच**

**निष्कर्ष र सुझाव**

५.१ निष्कर्ष ४३
५.२ सुझावहरू ४५
सन्दर्भ सामग्रीहरू
अनुसूचीहरू